बागमती प्रदेश सरकार
उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय
हेटौंडा, नेपाल

विधेयक सङ्ख्याः ५८

# प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक

बागमती प्रदेश सभा सचिवालय
हेटौंडा, नेपाल
२०८१

मा. शुक्र माया तामाङ
मन्त्री

बागमती प्रदेश सरकार
उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय
हेटौंडा, नेपाल

## उदेश्य र कारण

प्रदेश औद्योगिक व्यवसाय ऐन ,२०७६ बमोजिम बागमती प्रदेशका उद्यमी व्यवसायीलाई पर्नको अफ्ट्यारो तथा प्रदेश सरकार मातहतका उद्योग तथा वाणिज्य कार्यालयहरुले यो ऐन कार्यान्वयन गर्दा भोगेका कठिनाईहरुलाई सहज बनाउन र विभागीय मन्त्रालयहरु टुक्रिदाँ मन्त्रालयहरुको जिम्मेवारीमा भएको हेरफेरले गर्दा केही व्यवस्थाहरुलाई समसामयिक संशोधन गरी अद्यावधिक गर्न वाञ्छनीय भएकोले यो ऐन संशोधन गर्न प्रस्ताव गरिएको छ।

..................................

सुक माया तामाङ

मन्त्री,

उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय

बागमती प्रदेश सरकार
उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय
हेटौंडा, नेपाल

# आर्थिक टिप्पणी

प्रदेश औद्योगिक व्यवसाय ऐन ,२०७६ को दफा ३९ लाई संशोधन गर्दा प्रदेश औद्योगिक तथा लगानी प्रवर्द्धन कोषको स्थापना र सञ्चालन हुनेछ जसकारण सालबसाली रुपमा प्रदेश सरकारमाथि व्ययभार पर्ने तथा आर्थिक दायित्व बढने देखिन्छ।

सुक माया तामाङ
मन्त्री

.................................................
सुकमाया तामाङ
मन्त्री,
उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय

बागमती प्रदेश सरकार
उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय
हेटौंडा, नेपाल

## प्रत्यायोजित टिप्पणी

| क्र. सं. | दफा | प्रत्यायोजित व्यवस्थापनको कारण | प्रत्यायोजित व्यवस्थापन अन्तर्गत बनाइने कानुनको प्रकृति र सीमा | प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव |
|---|---|---|---|---|
| १. | दफा ३९ को उपदफा )६( | कोषको संचालन तथा व्यवस्थापनका सम्बन्धी व्यवस्था समायनुकुल परिवर्तन भई रहने भएकोले आवश्यकता अनुसार प्रत्यायोजित कानून निर्माण हुन सक्नेछ। | कोषको सञ्चालनका लागि स्रोतको खोजी तथा खर्च व्यवस्थापन सम्बन्धी कार्यविधि, मापदण्ड निर्देशिका यसै दफाको आधारमा निर्माण गरिनेछ। | प्रत्यायोजित कानुन निर्माण गरी कोषको संचालन तथा व्यवस्थापन कार्यलाई कानूनसम्मत बनाउन र आवश्यकता अनुसार थपघट गरी औद्योगिक क्षेत्रमा हुने लगानीलाई प्रवर्द्धन गर्न मदत पुग्नेछ। |

..............................
सुक माया तामाङ
मन्त्री,
उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय

# प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक

प्रस्तावना: प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७६ लाई समसामयिक संशोधन गर्न वाञ्छनीय भएकोले, बागमती प्रदेश सभाले यो ऐन बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस ऐनको नाम " प्रदेश औद्योगिक व्यवसाय ऐन (तेस्रो संशोधन), २०८१ रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७६ को दफा २ मा संशोधन: प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७६ (यसपछि "मुल ऐन" भनिएको) को दफा २ को,-

(१) खण्ड (ग) को सट्टामा देहायको खण्ड (ग) राखिएको छः

"(ग) "कार्यालय" भन्नाले प्रदेशको उद्योग तथा वाणिज्य सम्बन्धी विषय हेर्ने जिल्लास्थित कार्यालय सम्झनु पर्छ"

(२) खण्ड (द) पछि देहायको खण्ड (द१) थप गरिएको छ ।

"(द१) "विभाग" भन्नाले सङ्घीय कानून बमोजिम स्थापित "उद्योग विभाग" सम्झनु पर्छ।

(३) खण्ड (ध) झिकिएको छ।

३. मुल ऐनको दफा ५ मा संशोधन: मुल ऐनको दफा ५ को उपदफा (१) मा रहेको "पन्ध्र दिनभित्र" भन्ने शब्दहरूको सट्टा "पाँच दिनभित्र" भन्ने शब्दहरू राखिएका छन्।

४. मुल ऐनको दफा ७ मा संशोधन: मुल ऐनको दफा ७ को,-

(१) उपदफा (३) मा रहेका "सात दिनभित्र" भन्ने शब्दहरूको सट्टा "पन्ध्र दिनभित्र" भन्ने शब्दहरू राखिएका छन्।

(२) उपदफा (१), (३) र (४) मा रहेका "समिति" भन्ने शब्दहरूको सट्टा "परिषद" भन्ने शब्दहरू राखिएका छन्

५. मुल ऐनको दफा ११ मा संशोधन: मुल ऐनको दफा ११ को,-

(१) उपदफा (३) र (४) झिकिएका छन्।

(२) उपदफा (४) पछि देहायको उपदफा (५) थप गरिएको छ।

"(५) प्रदेश बाहिर कुनै उद्योगको स्थानान्तरण गर्नु परेमा सम्बन्धित प्रदेशको प्रचलित कानून बमोजिम प्रकृया पुरा गरी सम्बन्धित उद्योग हेर्ने निकायबाट सहमति प्राप्त भएमा दर्ता गर्ने निकायले स्थानान्तरणको स्वीकृति दिन सक्नेछ।"

६. मुल ऐनको दफा ११क. मा संशोधन: मुल ऐनको दफा ११क. को,-

(१) उपदफा (२) मा रहेका "नब्बे दिनभित्र" भन्ने शब्दहरूको सट्टा "पैंतीस दिनभित्र" भन्ने शब्दहरू राखिएका छन्।

(२) उपदफा (३) सट्टा देहायको उपदफा (३) राखिएको छः-



मा. शुक्र माया तामाङ
मन्त्री

"(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि पुँजीवृद्धि वा क्षमता वृद्धि गर्दा वा हेरफेरबाट प्रचलित वातावरण सम्बन्धी कानूनी व्यवस्था बमोजिम वातावरणीय अध्ययन गर्नु पर्ने भएमा सोको प्रतिवेदन स्वीकृत गराउनु पर्नेछ।"

७. <u>मुल ऐनको दफा १३ मा संशोधनः</u> मुल ऐनको दफा १३ को उपदफा (३) मा रहेका "समय सहीमा" भन्ने शब्दहरूको सट्टा "समय सीमा" भन्ने शब्दहरू राखिएका छन् ।

८. <u>मुल ऐनको दफा १५क. मा संशोधनः</u> मुल ऐनको दफा १५क. को,-

(१) उपदफा (१) को सट्टामा देहायको उपदफा (१) राखिएको छः

"(१) यस ऐन बमोजिम उद्योग दर्ता गर्ने सम्बन्धित निकाय देहाय बमोजिम हुनेछः-

(क) लघु उद्यम (सबै), घरेलु उद्योग (सबै) र घरजग्गा बाहेक पाँच लाख रूपैयाँसम्मको स्थिर पुँजी भएको साना उद्योग - स्थानीय तहमा,

(ख) खण्ड (क) बाहेकको साना उद्योग - कार्यालयमा,

(ग) मझौला उद्योग र ठूला उद्योग -निर्देशनालयमा।"

(२) उपदफा (३) को सट्टामा देहायको उपदफा (३) राखिएको छः

"(३) यो दफा प्रारम्भ हुनुअघि रात्रिकालीन बासको सुविधा प्रदान गर्ने गरी स्थापना भएका प्रदेशभित्रका कुनै पनि होटल, होमस्टे वा यस्तै प्रकृतिका पर्यटन व्यवसाय गर्ने होटल स्थानीय तहमा दर्ता भएको भए यो उपदफा प्रारम्भ भएको तीन महिनाभित्र उपदफा (१) बमोजिमको प्रदेशको कार्यालयमा दर्ता गर्नु पर्नेछ। सो अवधिभित्र दर्ता नगर्ने होटललाई प्रचलित कानून बमोजिम कारबाही हुनेछ।"

(३) उपदफा (४) झिकिएको छ।

(४) उपदफा (५) को सट्टामा देहायको उपदफा (५) राखिएको छः

"(५) यो दफा प्रारम्भ हुँदाका बखत सम्बन्धित विषयगत कार्यालयमा दर्ता भएका उद्योगको फाइल एवं विवरण यो दफा प्रारम्भ भएको छ महिनाभित्र उपदफा (१) बमोजिमको निकायलाई हस्तान्तरण गर्नु पर्नेछ।"

९. <u>मुल ऐनको दफा १८ मा संशोधनः</u> मुल ऐनको दफा १८ को,-

(१) उपदफा (१) को खण्ड (ख) मा रहेको "अद्योगिक" भन्ने शब्दको सट्टा "औद्योगिक" भन्ने शब्द राखिएको छ।

(२) उपदफा (२) को खण्ड (ज) को सट्टा देहायको खण्ड (ज) राखिएको छः

"(ज) अर्को प्रदेशबाट स्थानान्तरण भई यस प्रदेशमा आउने उद्योगलाई पुँजी अनुसार यस प्रदेशमा दर्ता गर्दा लाग्ने दस्तुर रकमबाट सम्बन्धित प्रदेशमा पहिला दर्ता गर्दा लागेको दस्तुर घटाई हुन आउने दस्तुर राजश्व दाखिला गराई स्थानान्तरण गरिनेछ।"

मा. शुक्र माया तामाङ
मन्त्री

बागमती प्रदेश सरकार
उद्योग, वाणिज्य, भूमी तथा प्रशासन मन्त्रालय
हेटौंडा, नेपाल

(३) उपदफा (३) को सट्टामा देहायको उपदफा (३) राखिएको छ ।

"(३) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि महिला, दलित तथा अपाङ्गता भएको उद्यमीको मात्र स्वामित्व रहने गरी उद्योग दर्ता गराएमा त्यस्तो उद्योग दर्ता गर्दा कानून बमोजिम लाग्ने दस्तुर वा शुल्कमा पचास प्रतिशत छुट हुनेछ।"

१०. **<u>मुल ऐनको दफा १९ मा संशोधनः</u>** मुल ऐनको दफा १९ को खण्ड (ङ) मा रहेका “विश्वविद्यालयहरु” भन्ने शब्दपछि “आविष्कार केन्द्रहरु” भन्ने शब्दहरू थपिएका छन् ।

११. **<u>मुल ऐनको दफा २४ मा संशोधनः</u>** मुल ऐनको दफा २४ को,-

(१) उपदफा (१) को सट्टामा देहायको उपदफा (१) राखिएको छ ।

“(१) स्थानीय तहले भू-उपयोग योजनाको आधारमा आफ्नो कुनै क्षेत्रलाई औद्योगिक क्षेत्र/ग्राम भनी भू-वर्गीकरण गरेमा सो क्षेत्रलाई औद्योगिक क्षेत्र/ग्राम घोषणाको लागि प्रचलित कानुन बमोजिम सम्बन्धित निकायमा सिफारिस गर्न सक्नेछ ।”

(२) उपदफा (२) मा रहेका “उद्योग स्थापना गर्न” भन्ने शब्दहरुको सट्टा “औद्योगिक क्षेत्र/ग्राम घोषणा/सिफारिस गर्न” भन्ने शब्दहरु राखिएका छन्।

१२. **<u>मुल ऐनको दफा २७ मा संशोधनः</u>** मुल ऐनको दफा २७ को सट्टा देहायको दफा २७ राखिएको छः-

“२७. **<u>सफाई पेश गर्ने मौका दिइनेः</u>** (१) यस परिच्छेद बमोजिम कुनै उद्योगलाई सजाय गर्दा सफाई पेश गर्ने मनासिव माफिकको मौका दिनु पर्नेछ ।”

१३. **<u>मुल ऐनको दफा २८ मा संशोधनः</u>** मुल ऐनको दफा २८ को सट्टामा देहायको दफा २८ राखिएको छः-

“२८.**<u>पुनरावेदन सम्बन्धी व्यवस्थाः</u>** (१) दफा २६ बमोजिमको सजायको आदेश उपर चित्त नबुझेमा सजायको जानकारी पाएको मितिले पैंतीस दिनभित्र त्यस्तो उद्योग वा व्यक्तिले स्थानीय तहको हकमा सम्बन्धित जिल्ला अदालतमा र प्रदेशस्तरको निर्णयको हकमा उच्च अदालतमा पुनरावेदन दिन सक्नेछ।”

१४. **<u>मुल ऐनको दफा २९ मा संशोधनः</u>** मुल ऐनको दफा २९ को,-

(१) उपदफा (७) मा रहेको “हाडताल” भन्ने शब्दको सट्टा “हड्ताल” भन्ने शब्द राखिएको छ।

(२)उपदफा (७) को खण्ड (ख) मा रहेको “बाँधा” भन्ने शब्दको सट्टा “बाधा” भन्ने शब्द राखिएको छ।

(३) उपदफा (८) को सट्टा देहायको उपदफा (८) राखिएको छ।

“(८) उद्योगमा काम गर्ने श्रमिक र उद्योगबीच उत्पन्न व्यक्तिगत वा सामुहिक विवादको समाधान श्रम सम्बन्धी प्रचलित कानून बमोजिम गरिनेछ ।”

मा. शान्त माया तामाङ

१५. <u>मुल ऐनको परिच्छेद-८ मा संशोधनः</u> मुल ऐनको परिच्छेद-८ को परिच्छेद शीर्षकमा रहेको "समिति" भन्ने शब्दको सट्टा "परिषद" भन्ने शब्द राखिएको छ ।

१६. <u>मुल ऐनको दफा ३१ मा संशोधनः</u> मुल ऐनको दफा ३१ को,-

(१) दफा ३१ को ठाउँ ठाउँमा रहेको "समिति" भन्ने शब्दको सट्टा "परिषद्" भन्ने शब्द राखिएको छ ।

(२) उपदफा (१) को खण्ड (क) मा रहेका "मन्त्री, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय" भन्ने शब्दहरुको सट्टा "मन्त्री, उद्योग सम्बन्धी विषय हेर्ने मन्त्रालय" भन्ने शब्दहरु राखिएका छन्।

(३) उपदफा (१) को खण्ड (झ) मा रहेका "सचिव, भौतिक पूर्वाधार विकास मन्त्रालय" भन्ने शब्दहरुको सट्टा "सचिव, श्रम र रोजगार सम्बन्धी विषय हेर्ने मन्त्रालय" भन्ने शब्दहरु राखिएका छन्।

(४) उपदफा (१) को खण्ड (ञ) मा "सचिव, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय" भन्ने शब्दहरुको सट्टा "सचिव, कृषि सम्बन्धी विषय हेर्ने मन्त्रालय" भन्ने शब्दहरु राखिएका छन्।

(५) उपदफा (१) को खण्ड (ठ) मा "सचिव, सामाजिक विकास मन्त्रालय" भन्ने शब्दहरुको सट्टा "सचिव, सहकारी सम्बन्धी विषय हेर्ने मन्त्रालय" भन्ने शब्दहरु राखिएका छन्।

(६) उपदफा (१) को खण्ड (ठ) पछि देहायको खण्ड (ठ१) थप गरिएको छः

"(ठ१) सचिव, वन तथा वातावरण सम्बन्धी विषय हेर्ने मन्त्रालय -सदस्य"

१७. <u>मुल ऐनको दफा ३२ मा संशोधनः</u> मुल ऐनको दफा ३२ को,-

(१) दफा ३२ को ठाउँ ठाउँमा रहेको "समिति" भन्ने शब्दको सट्टा "परिषद्" भन्ने शब्द राखिएको छ ।

(२) उपदफा (१) को खण्ड (ध) पछि देहायको खण्ड (ध१) थप गरिएको छ।

"(ध१) अनुसूची १ मा उल्लेखित उद्योगहरूलाई सहमति प्रदान गर्ने ।"

(३) उपदफा (४) को सट्टा देहायको उपदफा (४) राखिएको छ।

"(४) उपदफा (१) बमोजिमको परिषद्मा कम्तीमा एकाउन्न प्रतिशत सदस्य उपस्थित नभई बैठक सञ्चालन हुने छैन।"

१८. <u>मुल ऐनको दफा ३५ मा संशोधनः</u> मुल ऐनको दफा ३५ को उपदफा (६) को सट्टा देहायको उपदफा (६) राखिएको छः-

"(६) उपदफा (१) बमोजिम स्थापना भएका लघु उद्यम दर्ता र नवीकरण गर्दा कुनै शुल्क लाग्ने छैन्।"

१९. <u>मुल ऐनको दफा ३९ मा संशोधनः</u> मुल ऐनको दफा ३९ को सट्टा देहायको दफा ३९ राखिएको

छ:-

"३९. <u>कोषको स्थापना र सञ्चालन:</u> (१) प्रदेश सरकारले प्रदेशको औद्योगिक लगानी प्रवर्द्धन तथा संरक्षणका लागि "प्रदेश औद्योगिक तथा लगानी प्रवर्द्धन कोष" स्थापना गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमको रकम रहनेछ:-

(क) नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहबाट प्राप्त रकम,

(ख) स्वदेशी संघ, संस्था वा व्यक्तिबाट प्राप्त रकम,

(ग) यो ऐन प्रारम्भ हुँदाका बखत कायम रहेका लघु, घरेलु तथा साना उद्यम विकास कोष, लघु, घरेलु तथा साना उद्योग कर्जा प्रवाह कोष, प्रविधि विकास कोष, महिला उद्यमशिलता विकास कोष, जोखिम पूँजी (भेञ्चरक्यापिटल) कोष, रुग्ण उद्योग पुनरूत्थान, पुनर्निर्माण तथा व्यवस्थापन कोष र औद्योगिक लगानी संरक्षण तथा प्रवर्द्धन कोषबाट भएको लगानी फिर्ता बापत प्राप्त वा त्यस्तो कोषमा रहेको रकम,

(घ) विदेशी सरकार, अन्तराष्ट्रिय संघ संस्थाबाट प्राप्त हुने द्विपक्षीय वा बहपुक्षीय अनुदान वा सहयोग रकम,

तर विदेशी सरकार, अन्तराष्ट्रिय संघ संस्थाबाट अनुदान वा सहयोग प्राप्त गर्नु अघि नेपाल सरकार, अर्थ मन्त्रालयको स्वीकृत लिनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको कोषको रकम देहायको कार्यमा खर्च गर्न सक्नेछ:-

(क) लघु उद्यम, घरेलु तथा साना उद्योग विकास,

(ख) प्रविधि विकास,

(ग) औद्योगिक विकास,

(घ) रुग्ण उद्योग पुनरुत्थान, पुनर्निर्माण तथा व्यवस्थापन,

(ङ) महिला उद्यमशिलता विकास।

(च) प्रदेश सरकारले आवश्यक देखेका अन्य उपयुक्त क्षेत्रहरु।

(४) कोषको रकम उपदफा (३) बमोजिमको कार्यमा खर्च गर्दा कोषको स्वीकृत वार्षिक कार्यक्रमको अधिनमा रही लगानी तथा खर्च गर्नु पर्नेछ ।

(५) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको प्रयोजनका लागि कोषको रकम खर्च गरिने छैन:-

(क) कुनै सरकारी वा गैरसरकारी कर्मचारीलाई पारिश्रमिक, तलव, भत्ता, वा सुविधा उपलब्ध गराउन,

(ख) कुनै सरकारी वा गैरसरकारी कर्मचारीलाई भ्रमण खर्च वा अन्य यस्तै प्रकृतिको खर्च उपलब्ध गराउन,

(ग) कसैलाई चन्दा, पुरस्कार, उपहार वा अनुदान प्रदान गर्न,

(घ) औद्योगिक तथा लगानी प्रवर्द्धन सम्बन्धी विषयमा खर्च गर्ने बाहेक कसैलाई आर्थिक सहायता उपलब्ध गराउन।"

(६) कोषको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२०. <u>मुल ऐनको अनुसूची १ मा संशोधनः</u> मुल ऐनको अनुसूची-१ को,-

(१) क्रमसंख्या (१), (२), (३) र (४) हटाईएको छ ।

(२) क्रमसंख्या (५) को सट्टा देहायको क्रमसंख्या (५) राखिएको छ ।

"(५) मार्वल, ग्रेनाईट, चुनढुंगा, खरीढुंगा, ईट्टा, ह्युमपाईप उद्योग"

२१. <u>मुल ऐनको अनुसूची-५ मा संशोधनः</u> मुल ऐनको अनुसूची-५ को,-

(१) अनुसूची शीर्षकमा रहेको "निर्माण" भन्ने शब्दको सट्टा "पूर्वाधार" भन्ने शब्द राखिएको छ

(२) क्रमसंख्या (१) मा रहेको "सड" भन्ने शब्दको सट्टा "सडक" भन्ने शब्द राखिएको छ।

२२. <u>मुल ऐनको अनुसूची-६ मा संशोधनः</u> मुल ऐनको अनुसूची-६ को क्रमसंख्या (१०) मा "जलक्रिडा (वाटर इन्टरटेनमेन्ट)" भन्ने शब्दहरु थपिएका छन्।

२३. <u>मुल ऐनको अनुसूची-७ मा संशोधनः</u> मुल ऐनको अनुसूची-७ को क्रमसंख्या (८) मा "नलेज प्रोसेस आउटसोर्सिङ (के.पी.ओ.)" भन्ने शब्दहरु थपिएका छन्।

२४. <u>मुल ऐनको अनुसूची-८ मा संशोधनः</u> मुल ऐनको अनुसूची-८ को,-

(१) क्रमसङ्ख्या (६४) मा रहेका "विद्युतीय व्यापार(ई-कमर्श), अनलाईन सपिङ्ग व्यवसाय" भन्ने शब्दहरु झिकिएका छन्।

(२) क्रमसङ्ख्या (६५) पछि देहायको बुँदा नं (६६) थप गरिएको छ।

"(६६) राइड शेयरिङ सेवा।"

२५. <u>मुल ऐनको अनुसूची-९ मा संशोधनः</u> मुल ऐनको अनुसूची-९ को क्रमसंख्या (३) मा रहेको "निर्माण" भन्ने शब्दको सट्टा "पूर्वाधार" भन्ने शब्द राखिएको छ।

मा. शुक्र माया तामाङ
मन्त्री

बागमती प्रदेश सरकार
उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय
हेटौंडा, नेपाल

# प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७६ (संशोधन) विधेयकको तीन महले विवरण

| क्र.सं. | ऐनको | | | | ऐनको साविकको व्यवस्था | संशोधन पश्चात हुने व्यवस्था | संशोधन पेश गर्नु पर्नाका कारणहरु |
|---|---|---|---|---|---|---|---|
| | दफा | उपदफा | खण्ड | उपखण्ड | | | |
| १ | दफा २ | | ग | | "घरेलुतथासानाउद्योग" शब्दहरु र , "सोशब्दलेहालजिल्लाहरुमारहेकोघरेलुतथासानाउद्योगविकाससमितिकाकार्यालय" भन्ने शब्दहरु | "उद्योग तथा वाणिज्य" कार्यालयहरु बनाउने | कार्यालयको नाम परिवर्तन भएकोले । |
| २ | दफा २ | | द१ | | | (द१) "विभाग" भन्नाले संघीय कानून बमोजिम स्थापित "उद्योग विभाग"सम्झनुपर्छ। | थप व्यवस्था गरिएको । |
| ३ | दफा २ | | ध | | "समिति" भन्ने शब्दहरू | "परिषद्"भन्ने शब्दहरू | समितिलाई परिषदमा परिणत गर्ने गरी प्रस्ताव भएकोले । |
| ४ | दफा ५ | उपदफा (१) | | | "पन्ध्र दिनभित्र" भन्ने शब्दहरू | "पाँच दिनभित्र" भन्ने शब्दहरू | संघको औद्योगिक व्यवसाय ऐनको दफा ५ दिनको अवधि दिइएको तथा व्यवहारिक रुपमा अधिकांश उद्योगहरू निवेदन दिएकै दिन दर्ता गर्न सकिने भएकोले |
| ५ | दफा ७ | उपदफा (१), (३) र | | | "समिति" भन्ने शब्दहरू | "परिषद" भन्ने शब्दहरू | समितिलाई परिषदमा परिणत गर्ने गरी प्रस्ताव भएकोले । |



शुक माया तामाङ

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | (४) | | | | | |
| ६ | दफा ७ | उपदफा (३) | | | "सात दिनभित्र" भन्ने शब्दहरू | "पन्ध्र दिनभित्र" भन्ने शब्दहरू | परिषद्को बैठक बसी व्यवहारिक रुपमा सात दिनभित्र सहमति दिन असहज हुने भएकोले |
| ७ | दफा ११ | उपदफा (३) | | | "नयाँ स्थापना हुने ठाउँको स्थानीय तहको"भन्ने विषयहरु | उपदफा झिकिएको | नियमावलीमा तोकिने विषय भएकोले । |
| ८ | दफा ११ | उपदफा (४) | | | "उद्योग स्थानान्तरण गर्दा स्थानीय तहलाई जानकारी गराउने विषय" | उपदफा झिकिएको | नियमावलीमा तोकिने विषय भएकोले । |
| ९ | दफा ११ | | | | - | दफा ११ मा उपदफा (५) थप गरी अन्तर प्रदेश उद्योग स्थानान्तरणको स्पष्ट व्यवस्था गर्नथप गरिएको | अन्तर प्रदेश उद्योग स्थानान्तरणको व्यवस्था नभएको तथा संघीय एवम् अन्य प्रदेशहरूको कानूनमा केही फरक प्रकृया हुनसक्ने भएकोले सो कानूनको अधीनमा स्थानान्तरण गर्नुपर्ने भएको |
| १० | दफा ११क | उपदफा (२) | | | "नब्बे दिनभित्र" पूँजी वा क्षमता वृद्धि तथा विवरण हेरफेर गरिने | सो हेरफेर गरिने समय "पैंतीस दिनभित्र" भनी छोट्याइएको | विवरण/क्षमता/पुंजी हेरफेरमा पनि छिटो छरितो सेवाप्रवाहको व्यवस्था गर्नु उपयुक्त हुने भन्ने शब्दहरू राखिएको छ । |
| ११ | दफा ११क | उपदफा (३) | | | १ करोड सम्म स्थिर पुंजी वृद्धि गर्दा स्वीकृति लिनु नपर्ने | पुँजीवृद्धि गर्दा तोकिए बमोजिम वातावरणीय | उद्योगहरूको पुँजीवृद्धि गर्दा पुँजीको स्ल्याव |



मा. शुक्र माया तामाङ

बागमती प्रदेश सरकार
उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय
हेटौंडा, नेपाल

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | अध्ययन गर्नुपर्ने तथा पुँजीवृद्धि गर्दा राजस्व दस्तुरको संरचना कार्यान्वयन गर्नुपर्ने | अनुसार प्रादेशिक व्यापार तथा व्यवसाय ऐनको अनुसूची २ बमोजिमको राजस्व लिने व्यवस्था रहेकोले सो कार्यान्वयनमा अन्यौल सिर्जना हुने भएकोले स्वीकृति लिनु नपर्ने प्रावधान हटाएको (साविकको उपदफा ३ को सट्टामा नयाँ प्रावधान प्रस्ताव गरिएको ।) |
| १२ | दफा १३ | उपदफा (३) | | | समय "सहीमा" | समय "सीमा" | व्याकरण शुद्धाशुद्धी गरिएको |
| १३ | दफा १५क | उपदफा (१) | (क) | | स्थानीय तहमा दर्ता हुने उद्योगहरुको सम्बन्धमा | लघु उद्यम, घरेलु उद्योग र घरजग्गा बाहेक पाँच लाखरूपैयाँसम्मको स्थिर पुँजी भएको उद्योगहरु स्थानीय तहमा दर्ता गर्ने | संघीय औद्योगिक व्यवसाय ऐन र स्थानीय सरकार सञ्चालन ऐन बमोजिम अधिकारको निक्षपण हुन उपयुक्त भएकोले । |
| १४ | दफा १५क | उपदफा (१) | (ख) | | कार्यालयमा दर्ता हुने उद्योगहरुको सम्बन्धमा | पाँच लाखसम्मको स्थिर पूँजी भएका बाहेकका साना उद्योग कार्यालयहरुमा दर्ता हुने | संघीय औद्योगिक व्यवसाय ऐन र स्थानीय सरकार सञ्चालन ऐन बमोजिम अधिकारको |



मा. शुक माया तामाङ

बागमती प्रदेश सरकार
उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय
हेटौंडा, नेपाल

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | निक्षपण हुन उपयुक्त भएकोले । |
| | | | | | | | |
| १५ | | | | | | | |
| १६ | दफा १५क | उपदफा (३) | | | "पर्यटन हेर्ने सम्बन्धित" भन्ने शब्दहरु | "उद्योग तथा वाणिज्य" शब्दहरु | दर्ता गर्ने निकाय सम्बन्धी व्यवस्थालाई एकल प्रशासनबाट नियमन गर्न सहज हुने । |
| १७ | दफा १५क | उपदफा (४) | | | दर्ता गर्ने निकायको व्यवस्था | उपदफा झिकिएको । | दर्ता गर्ने निकाय सम्बन्धी व्यवस्थालाई एकल प्रशासनबाट नियमन गर्न सहज हुने । |
| १८ | दफा १५क | उपदफा (५) | | | "घरेलु तथा साना उद्योग" भन्ने शब्दहरु | "सम्बन्धित विषयगत" शब्दहरु | फाईल हस्तान्तरण कार्यलाई सहज बनाउन |
| १९ | दफा १८ | उपदफा (१) | खण्ड (ज) | | अर्को प्रदेशबाट स्थानान्तरण भई यस प्रदेशमा आउने उद्योगलाई लाग्ने दर्ता शुल्क वा दस्तुर छुट दिइनेछ | पुँजी अनुसार यस प्रदेशमा दर्ता गर्दा लाग्ने दस्तुर रकमबाट सम्बन्धित प्रदेशमा पहिला दर्ता गर्दा लागेको दस्तुर घटाई हुन आउने दस्तुर राजश्व दाखिला गराई स्थानान्तरण गरिनेछ । | अन्य प्रदेशमा दर्ता भएका उद्योगले तिर्ने दर्ता दस्तुर कम हुन सक्ने भएकोले |
| २० | दफा १८ | उपदफा (३) | | | "वा फर्म" भन्ने शब्दहरु | शब्दहरु झिकिएको । | उद्योगलाई फर्मकै रुपमा व्यापार ऐनले |



मा. शक माया तामाङ

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | व्यवस्था गरेकोले । |
| २१ | दफा १९ | उपदफा (१) | खण्ड (ङ) | | ....विश्वविद्यालयहरु भन्ने शब्दहरु | सो पश्चात आविश्कार केन्द्रहरु" भन्ने शब्दहरु थप गरिएको। | आवश्यकता र औचित्यताको आधारमा नविन प्रविधि अनुसन्धान गर्न आविष्कार केन्द्रहरु स्थापना भएको तथा हुन सक्ने भएकोले । |
| | | | | | | | |
| २३ | दफा २४ | उपदफा (१) | | | "सोही क्षेत्रमा मात्र यो ऐन अन्तर्गतका उद्योग स्थापना गर्न सकिनेछ।"भन्ने शब्दहरु | "सो क्षेत्रलाई औद्योगिक क्षेत्र/ग्राम घोषणाको लागि प्रचलित कानुन बमोजिम सम्बन्धित निकायमा सिफारिस गर्न सक्नेछ"भन्ने शब्दहरु | औद्योगिक ग्राम सम्बन्धी संघीय कानुन अनुकुल बनाइएको । |
| २४ | दफा २४ | उपदफा (२) | | | "उद्योग स्थापना गर्न "भन्ने शब्दहरु | "औद्योगिक क्षेत्र/ग्राम घोषणा - सिफारिस गर्न"भन्ने शब्दहरु | औद्योगिक ग्राम सम्बन्धी संघीय कानुन अनुकुल बनाइएको । |
| २५ | दफा २७ | | | | सफाईको मौका र अदालतको अधिकार हुने व्यहोराहरु | यस परिच्छेद बमोजिम कुनै उद्योगलाई सजाय गर्दा सफाई पेश गर्ने मनासिव माफिकको मौका दिनुपर्नेछ । | साविकका व्यवस्था हटाई सफाई पेश गर्ने मौका दिईने व्यवस्था राखिएको |
| २६ | दफा २८ | | - | | पुनरावेदन सम्बन्धी व्यवस्था | स्थानीय तहको निर्णय विरुद्ध जिल्ला अदालतमा र प्रदेशस्तरको निर्णयको विरुद्ध उच्च अदालतमा | पुनरावेदनको व्यवस्था स्पष्ट गरिएको |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | पुनरावेदन लाग्ने | |
| २७ | दफा २९ | उपदफा (८) | | | विवाद समाधान सम्बन्धी व्यवस्था | उद्योगमा काम गर्ने श्रमिक र उद्योगबीच उत्पन्न व्यक्तिगत वा सामुहिक विवादको समाधान श्रम सम्बन्धी प्रचलित कानून बमोजिम गरिने । | विवाद समाधान सम्बन्धी व्यवस्था स्पष्ट गरिएको |
| २८ | दफा ३१ | | | | "समिति" भन्ने शब्दहरू | "परिषद" भन्ने शब्दहरू | समितिलाई परिषदमा परिणत गर्ने गरी प्रस्ताव भएकोले । |
| २९ | दफा ३१ | उपदफा (१) | खण्ड (क) | | "मन्त्री, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय"भन्ने शब्दहरु | मन्त्री, मन्त्रालय (उद्योग सम्बन्धी विषय हेर्ने) | प्रदेश सरकार (कार्यविभाजन) नियमावलीको संशोधन र संघीय औद्योगिक व्यवसाय ऐन २०७६ मा भएको औद्योगिक तथा लगानी प्रवर्द्धन बोर्डको संरचना सँग सामाञ्जस्य हुने गरी प्रदेश उद्योग तथा लगानी प्रवर्द्धन समितिलाई पुन संरचना गर्न आवश्यक भएको। |
| ३० | दफा ३१ | उपदफा १ | खण्ड (झ) | | "सचिव, भौतिक पूर्वाधार विकास मन्त्रालय"भन्ने शब्दहरु | "सचिव, मन्त्रालय (श्रम तथारोजगार सम्बन्धी | |

बागमती प्रदेश सरकार
उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय
हेटौंडा, नेपाल

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | विषय हेर्ने)”भन्ने शब्दहरु | |
| ३१ | दफा ३१ | उपदफा (१) | खण्ड (ञ) | | “सचिव, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय”भन्ने शब्दहरु | “सचिव, मन्त्रालय (कृषि सम्बन्धी विषय हेर्ने)” | |
| ३२ | दफा ३१ | उपदफा (१) | खण्ड (ठ) | | “सचिव, सामाजिक विकास मन्त्रालय”भन्ने शब्दहरु | “सचिव, मन्त्रालय (सहकारी सम्बन्धी विषय हेर्ने)”भन्ने शब्दहरु | |
| ३३ | दफा ३१ | उपदफा (१) | खण्ड (ठ१) | | | “सचिव, मन्त्रालय (वन तथा वातावरण सम्बन्धी विषय हेर्ने)”भन्ने शब्दहरु | थप गरिएको । |
| ३४ | दफा ३१ | उपदफा (४) | | | “बैठकमा बहुमतको निर्णय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ।“ भन्ने शब्दहरु | हटाउने । | परिषदको परिकल्पना अनुसार बैठकको निर्णय व्यवस्थित गर्नुपर्ने भएकोले । |
| ३५ | दफा ३२ | उपदफा (१) | खण्ड (ध१) | | | अनुसूची १ मा उल्लेखित उद्योगहरूलाई सहमति प्रदान गर्ने । | काम कर्तव्य अधिकार थप गरिएको । |
| ३६ | दफा ३५ | उपदफा (६) | | | “लघु उद्यम दर्ता र नवीकरण गर्दा कुनै शुल्क लाग्ने छैन।“ भन्ने शब्दहरु | “उपदफा १ बमोजिम स्थापना भएका” भन्ने व्यहोराबाट सुरु गर्ने । | दफा र परिच्छेदको परिधिमा रही स्पष्ट पारिएको । |
| ३७ | दफा ३९ | | | | कोषको स्थापना र सञ्चालन | कोष र सो को स्रोत एकिन सम्बन्धी व्यवस्था | साविकको व्यवस्था हटाई संघीय ऐन अनुकुल बनाइएको । |
| ३८ | अनुसूची-१ | | | | बुंदा १देखि ४ सम्मका प्रावधानहरू | हटाउने । | संघीय ऐन अनुसार संघको अधिकार क्षेत्र भित्र पर्ने भएकोले झिक्न उपयुक्त भएको |



माया तामाङ

बागमती प्रदेश सरकार
उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय
हेटौंडा, नेपाल

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | । |
| | | | | | | | |
| ४० | अनुसूची-५ | | | | "निर्माण" भन्ने शब्दहरु | "पूर्वाधार" भन्ने शब्दहरु | संघीय ऐन अनुकुल बनाउने । |
| ४१ | अनुसूची-५ | | | | बुँदा (१) मा "सड" भन्ने शब्द | "सडक" बनाउने | व्याकरण शुद्धाशुद्धी गरिएको । |
| ४२ | अनुसूची-६ | बुँदा नं १० | | | "डुंगा व्यवसाय........" भन्ने शब्दहरु | "....जलक्रिडा(वाटर इन्टरटेनमेन्ट" भन्ने शब्दहरु थप गर्ने | संघीय ऐन अनुकुल बनाउने । |
| ४३ | अनुसूची-७ | बुँदा नं ८ | | | "विजिनेस प्रोसेस........" भन्ने शब्दहरु | "....नलेज प्रोसेस आउटसोर्सिङ(के.पि.ओ)" भन्ने शब्दहरु थप गर्ने | संघीय ऐन अनुकुल बनाउने । |

मा. शुक माया तामाङ
मन्त्री

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४४ | अनुसूची-८ | बुँदा नं ६४ | | | "विद्युतीय व्यापार(ई-कमर्श), अनलाईन सपिङ्ग व्यवसाय" भन्ने शब्दहरु | हटाउने । | संघीय ऐन अनुकुल बनाउने । |
| ४५ | अनुसूची-८ | बुँदा नं ६६ | | | | "राइड शेयरिङ सेवा" | थप गरिएको । |
| ४६ | अनुसूची-९ | बुँदा नं (३) | | | "निर्माण" भन्ने शब्दहरु | "पूर्वाधार" भन्ने शब्दहरु | संघीय ऐन अनुकुल बनाउने । |

मा. शुक्र ...
मन्त्री